**बैठक संख्या :८२**

आज मिति २०७८/०३/०९ गते......बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क्र. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री दिरिप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | कार्यपालिका सदस्य | |
| १६ | श्री सबिता घिमिरे | कार्यपालिका सदस्य | सबिता |
| १७ | श्री प्रेमा देवी कोरी | कार्यपालिका सदस्य | प्रेमा देवी |
| १८ | श्री उर्मिला कोरी | कार्यपालिका सदस्य | |
| १९ | श्री पुष्पा थारु | कार्यपालिका सदस्य | पुष्पा |
| २० | श्री इन्सान अलि धुनिया | कार्यपालिका सदस्य | इन्सान अलि |
| २१ | श्री सिताराम धोवी | कार्यपालिका सदस्य | |
| २२ | श्री रामधनी बढई | कार्यपालिका सदस्य | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक विकास सल्लाहकार | |
| २५ | श्री शिविन्द्र कुमार पासी | सूचना प्रबिधि अधिकृत | |
| २६ | श्री हुम बहादुर कुवर | कानूनी सल्लाहकार | |
| २७ | श्री पदम राज श्रेष्ठ | सा. वि. अ. | |

**बैठकका प्रस्तावहरू :**

१. गत कार्यपालिका बैठकको निर्णय समिक्षा सम्बन्धमा ।

२. आ.व. २०७८/०७९ को लागि नीति तथा कार्यक्रम स्वीकृत सम्बन्धमा ।

३. आ.व. २०७८/०७९ को लागि आर्थिक विधेयक तथा विनियोजन विधेयक स्वीकृत गर्ने सम्बन्धमा ।

४. स्थानीय तह संस्थागत क्षमता स्वामूल्याँकनको नतिजा अनुमोदन तथा सार्वजनिक गर्ने सम्बन्धमा ।

५. नवौं नगरसभा सम्बन्धमा ।

६. समसामायिक विविध सम्बन्धमा ।

**निर्णयहरू**

१. मिति २०७८/०३/०२ गतेको कार्यपालिका बैठकबाट भएका निर्णयहरूको समिक्षा गरियो उक्त समिक्षा अनुसार कार्यपालिकाले गरेको सम्पूर्ण निर्णयहरू पूर्ण रूपमा कार्यन्वयन भएको सहर्ष जानकारी गराइन्छ ।

२. आ.व. २०७८/०७९ को लागि कपिलवस्तु नगरपालिकाको शाखागत रूपमा पेश भएको नीति तथा कार्यक्रम सम्बन्धित विषयगत समितिको बैठकमा पेश भइ छलफल तथा निर्णय पश्चात यस कार्यपालिका बैठकमा स्वीकृतिको लागि पेश हुन आएकोमा उक्त नीति तथा कार्यक्रमलाई स्वीकृतार्थ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

३. आ.व. २०७६/०७७ को लागि तयार पारिएको आर्थिक विधेयक २०७८ तथा विनियोजन विधेयक २०७८ लाई छलफल तथा पारित गर्न नवौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

४. आ.व. २०७६/०७७ को लागि स्थानीय तह संस्थागत क्षमता स्वमूल्याँकनबाट प्राप्त नतिजा ५४.५ प्रतिशतलाई यस कार्यपालिकाबाट अनुमोदन गरि नतिजा सार्वजनिक गर्ने निर्णय गरियो ।

५. आगामी नवौं नगरसभालाई विगत जस्तै गरिमामय, मर्यादित र सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्ने निर्णय गरियो ।

**विविध निर्णयहरू**

६. फुसको छानो विस्थापित कार्यक्रम अन्तर्गत घरबास प्रयोजनका लागि बाँकी रहेका घरहरूको तथ्याँक संकलन, नापजाँच तथा वितरण समेत गर्नका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क) | नगर उपप्रमुख | - संयोजक |
| ख) | संबन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| ग) | इन्जिनियर सत्यम बर्मा | - सदस्य |

७. क.व.न.पा. ११ को शिर्षक नं. १३१७ उन्नत नश्लको राँगा बोका खरिद गर्ने कार्यक्रममा विनियोजित रकम रू. ५० हजारको योजनालाई संशोधन गरि सडक बत्ती खरिदमा विनियोजन गर्ने निर्णय गरियो ।

८. क.व.न.पा. ८ कुँवागाउँमा रहेको ३५ मिटर मात्र लम्बाई रहेको बाटोलाई स्थानीयले जोतभोग गर्दै आएकोमा स्थानीयबाट उक्त बाटोको आवश्यकता नरहेको भनाइको आधारमा सोही बाटोमा निर्माणाधीन अवस्थामा रहेको बालविकास केन्द्रको भवनलाई निरन्तरता दिने निर्णय गरियो ।

९. आजको कार्यपालिका बैठक शान्त, मर्यादित र सौहार्दपूर्ण वातावरणमा सु-सम्पन्न गरियो ।

किरण सिंह
नगर प्रमुख

प्रतिलिपि प्रमाणित